बिदुर,
नुवाकोट, नेपाल
फोन नं.०१०-५६०२८५
E-mail:-info.dcnuwakot@supremecourt.gov.np

।।श्री।।

# नुवाकोट जिल्ला अदालत

(प्रशासन शाखा)

प.सं. ०७९।०८०
च.नं.

मिति: २०७९।१२।१६

सूचना। सूचना।। सूचना।।।

यस अदालतमा आउने सेवाग्राहीमध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नाबालक आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था भई मिति २०८०/०१/०७ गते बाट रिक्त हुने भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२), (३), (४), (५) र (६) बमोजिम वैतनिक कानून व्यवसायीको नियुक्ति गर्नको लागि इच्छुक कानून व्यवसायीबाट दरखास्त आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघी वा रीत नपुगी आएका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा अनुरोध छ।

१.पद:-वैतनिक कानून व्यवसायी

२.आवश्यक पद संख्या:-१(एक)

३.संलग्न गर्नु पर्ने कागजातहरु:-

क.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख. कानूनमा स्नातक वा स्नाकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपि।

ग. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि।

घ. सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।

४.प्रदान गर्नु पर्ने सेवा:-वैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नुपर्ने सेवाहरु

५.पारिश्रमिक:-तोकिए अनुसार

६.पदावधी:-१(एक) वर्ष

७.दरखास्त दस्तुर:-रु१०

८.छनोटको किसिम:-अन्तरवार्ता र तोकिएको अन्य आधारमा

९.अन्तरबार्ता मिति:-दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिने छ।

१०.नियुक्ति लिन आउनुपर्ने अवधि:-नियुक्तिका लागि छनोट भएका उम्मेदवारले छनोट भएको ७ दिन भित्र नियुक्ति लिन आउनुपर्ने।

१२/१६

२०७९/१२/१६

इन्द्रकुमार खड्का
(श्रेस्तेदार)

नोट:-विस्तृत जानकारीका लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क गर्नु होला।